शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ४ मितिः २०८१।०५।१२

भाग - २

शिवराज नगरपालिकाको तीन पाङ्ग्रे सवारी साधन सञ्चालन,व्यवस्थापन तथा नियमन सम्वन्धि कार्यविधि,२०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगर कार्यपालिकाले यो " **शिवराज नगरपालिकाको तीन पाङ्ग्रे सवारी साधन सञ्चालन,व्यवस्थापन तथा नियमन सम्वन्धि कार्यविधि,२०८१**" बनाई लागू गरेको छ।

शिवराज नगरपालिकाको तीन पाङ्ग्रे सवारी साधन सञ्चालन,व्यवस्थापन तथा नियमन सम्वन्धि कार्यविधि,२०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०४।०४

शिवराज नगरपालिकामा सञ्चालन हुने विद्युतीय रिक्सा, अटो रिक्सा लगायतका तीन पाङ्ग्रे सवारी साधनहरुलाई व्यवस्थापन गर्ने, ट्राफिक व्यवस्थापनमा सहजता ल्याउन, बजार व्यवस्थापन गर्ने तथा सवारी यात्रु सवारी चालक सवारी धनिहरुका हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २ (ट) को खण्ड (४) र सोही ऐनको दफा ११ को उपदफा ४ (ट) ले दिएको अधिकार प्रयोग गरी नगर क्षेत्रमा चल्ने तीन पाङ्ग्रे सवारी साधनको दर्ता, अनुमति, नगर क्षेत्रलाई आवश्यक संख्याको निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्न र वैकल्पिक तथा नविकरणीय उर्जाबाट चल्ने सवारी साधनलाई प्रोत्साहित गर्दै यातायात सुरक्षालाई भरपर्दो र विश्वसनिय बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०८१/०४/०४ को बैठकबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

परिच्छेद-१
प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "**शिवराज नगरपालिकाको तीन पाङ्ग्रे सवारी साधन सञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि,२०८१**" रहेको छ।

(२) यो कार्यविधि शिवराज नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२.परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "**कार्यपालिका**" भन्नाले शिवराज नगरपालिकाको नगर कार्यपालिकालाई बुझाउनेछ।

(ख) "**नगर कार्यपालिकाको कार्यालय**" भन्नाले शिवराज नगर कार्यपालिकाको कार्यालयलाई बुझाउनेछ।

(ग) "**प्रमुख**" भन्नाले शिवराज नगरपालिकाको नगर प्रमुखलाई बुझाउनेछ।

(घ) "**उप-प्रमुख**" भन्नाले शिवराज नगरपालिकाको नगर उप-प्रमुख लाई बुझाउनेछ।

(ङ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले शिवराज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ।

(च) **"कार्यविधि"** भन्नाले शिवराज नगरपालिकाको तीन पाङ्ग्रे सवारी साधन सञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि "२०८१" भन्ने बुझिनेछ।

(छ) **"विद्युतीय रिक्सा"** भन्नाले पेट्रोलियम पदार्थ बिना वीद्युत, सौर्य उर्जा वा नविकरणीय उर्जाबाट चार्ज हुने रिक्सा भन्ने बुझिनेछ। जसलाई ई-रिक्सा पनि भनिनेछ।

(ज) **"सवारी विवरण"** भन्नाले सवारीको ईन्जिन नम्बर, चेसिस नम्बर, सवारी निर्माण कम्पनी, सिट संख्या, सवारीको रङ्ग र सवारी धनी सम्झनु पर्दछ।

(झ) **"सवारी चालक विवरण"** भन्नाले सवारी चालकको नाम थर, लिङ्ग, वतन, तिन पुस्ते पहिचान सवारी चालक अनुमतिपत्रको विवरण खुल्ने कागजात वा विवरण सम्झनु पर्दछ।

(ञ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा १४ बमोजिम गठित व्यवस्थापन समितिलाई बुझिनेछ।

(ट) **"अधिकार प्राप्त अधिकारी"** भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीलाई सम्झनु पर्छ।

(ठ) **"संचालन अनुमति"** भन्नाले यातायात व्यवस्था कार्यालय लगायत सम्बन्धित निकायमा दर्ता भई आवश्यक कानूनी प्रक्रिया पूरा गरी दर्ताका लागि सिफारिस भएका र शिवराज नगरपालिकाले रुट निर्धारण गरी नगर क्षेत्र भित्र सञ्चालन गर्ने अनुमति प्राप्त गरेका तिन पाङ्ग्रे सवारी साधनलाई प्रदान यसै कार्यविधि बमोजिम प्रदान गरिने संचालन अनुमति बुझाउँछ।

(ड) **"रुट"** भन्नाले तिन पाङ्ग्रे सवारी साधन सञ्चालनका लागि नगर क्षेत्रभित्र राजमार्ग सडक लगायत निश्चित क्षेत्र तोकी सवारी साधन संचालन संचालनका लागि प्रदान गरिएको रुट भन्ने बुझाउनेछ।

(ढ) **"स्वरोजगार"** भन्नाले आफ्ना वा एकाघर परिवारको नाउँमा बिलबुक भई सवारी चालक अनुमती प्राप्त गरी आँफैले सवारी चलाएको व्यक्ति भन्ने बुझाउनेछ।

(ण) **"नगर क्षेत्र"** भन्नाले शिवराज नगरपालिकाको सिमाना भन्ने बुझीन्छ।

परिच्छेद-२
दर्ता सम्बन्धी व्यवस्था

३.संचालन अनुमति लिनु पर्ने :(१) शिवराज नगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने विद्युतीय रिक्सा, पेट्रोलियम रिक्सा, तीन पाङ्ग्रे टेम्पु वा अन्य जुनसुकै किसिमका तीन पाङ्ग्रे साना सार्वजनिक सवारी साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायबाट दर्ता गरी शिवराज नगरपालिकाबाट संचालन अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई नगर क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन।

४.अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइने :
शिवराज नगरपालिकाका भित्र पर्ने सडकमा सञ्चालनका लागि दर्ता भई रुट अनुमति पत्र बाहक बाहेक अन्य रिक्सा/टेम्पु जन्य सवारी साधन सञ्चालनमा पूर्णत बन्देज गरिनेछ। तर छिमेकी पालिकामा रुट इजाजत प्राप्त सवारी साधनले बिरामी उपचारका लागि लिएर आएको अवस्था बाहेक सीमाना क्षेत्रबाट एक किलोमिटर भन्दा बढी क्षेत्रमा सवारी ल्याउन पाइने छैन र फर्किदा बिरामी बाहेकका यात्रु लिएर फर्किन पाइने छैन।

५.दर्ता गर्नु पर्ने : (१) नगर क्षेत्रमा सञ्चालन हुने गरी कार्यविधिमा उल्लेखित संख्यामा नबढ्ने गरी दर्ताका लागि प्राप्त हुने निवेदनको छानबिन गरी निवेदन प्राप्त भएका मितिले २१ (एक्काइस) दिन भित्र तिन पाङ्ग्रे सवारी साधन दर्ता गर्न सक्नेछ।
(२) उपदफा (१) बमोजिम दर्ता हुने तिन पाङ्ग्रे सवारी साधनको लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नंबर र स्टिकर नगरपालिकाले उपलब्ध गराउनेछ।
(३) दर्ता भएको तिन पाङ्ग्रे सवारी साधनको वार्षिक नविकरण गर्नु पर्नेछ।
(४) दर्ता तथा नवीकरण शुल्क आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।
(५) रुट इजाजत पत्र शुल्क नगर सभाले निर्धारण गरेबमोजिम हुनेछ।
(६) यातायात व्यवस्था कार्यालयमा बुझाउनु पर्ने वार्षिक कर लगायतका शुल्कहरु समयावधि भित्रै बुझाउनु पर्नेछ।

६.सूचना गर्नुपर्ने : (१) यस कार्यविधि बमोजिम संचालन अनुमतिका लागि नगर कार्यपालिकाको कार्यालयले कम्तीमा २१ दिनको सार्वजनिक सूचना गर्नु पर्नेछ।सो समयमा आवश्यक परेमा म्याद थप गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गरी प्राप्त हुने निवेदनको छानबिन र दर्ता गर्दा देहाय बमोजिम प्राथमिकताका आधारमा दर्ता गर्नु पर्नेछ।तोकिएका अन्य कुरा बाहेक देहाय बमोजिमका प्राथमिकता तोकी सूचना प्रकाशित गरिनेछ।
१. स्थानीय नगर क्षेत्रको स्वरोजगार महिला,
२. स्थानीय नगर क्षेत्रको स्वरोजगार,
३. कपिलबस्तु जिल्लाका स्थानीय बासिन्दा,
४. लुम्विनी प्रदेशका स्थानीय बासिन्दा,
५. नेपाली नागरिक।

७.निवेदन दिनु पर्ने : (१) दफा ५ बमोजिम दर्ता गर्न अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनको लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमको विवरण संलग्न गरी दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(क) सवारी धनीको नाम थर, ठेगाना, नागरिकता नं. र प्राप्त जिल्ला नागरिकता छाँयाप्रति,

(ख) सवारी खरिद गरेको मिति र खरिद गरेको बिल बिजक भए सोको छाँयाप्रति,

(ग) सवारीको चेसिस नम्बर,

(घ) सवारी चालक अनुमति पत्रको छाँयाप्रति/कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ङ) संघीय सरकार/प्रदेश सरकारको निकाय विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नम्वर र बिलबुकको छाँयाप्रति, दर्ता हुदाँ रुट इजाजत पत्र प्राप्त गरेको भए सोको विवरण र पुष्टि हुने कागजात,

(च) उल्लेखित विवरण र कागजात सहित निवेदन पर्न आएमा नगर कार्यपालिका कार्यालयले छानबिन गरी ३० दिन भित्र दर्ता अनुमति र रुट इजाजत पत्र र सवारी साधन नम्बर दिन सक्नेछ।

८.सवारी चालक अनुमति पत्र :

नगर क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनु पर्नेछ।

परिच्छेद-३

रुट तथा संख्या निर्धारण सम्बन्धी व्यवस्था

९.रुट निर्धारण : (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरुको सञ्चालन हुने रुटको निर्धारण नगर कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको रुट निर्धारण नभए सम्म यस कार्यविधि बमोजिम अनुमति प्राप्त सवारी साधनहरुको रुट देहाय बमोजिम हुनेछः-

(क) राजमार्ग सडक र नगर कार्यपालिकाले सूचना प्रकाशित गरी निषेध गरेका क्षेत्र बाहेकका नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण सडक क्षेत्र।

(ख) नगर क्षेत्रमा संचालन अनुमति प्राप्त चालकले रुट इजाजत पत्र साथमा राख्नु पर्नेछ।

(ग) प्रत्येक सवारी धनीले रुट इजाजत पत्र लिएको हुनुपर्नेछ।

(घ) नगर कार्यपालिका कार्यलयले समय-समयमा रुट परिवर्तन गर्न सक्नेछ।

१०.संख्या निर्धारण : (१) नगर क्षेत्र भित्र सञ्चालन हुने पेट्रोल र विद्युतीय रिक्साको संख्या निर्धारण नगर कार्यपालिकाले गर्नेछ।

(२) नगर कार्यपालिकाले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र व्यवस्थापन समितिको सीफारिस समेतको आधारमा संख्या निर्धारण गर्नेछ।

(३) उपदफा (१) बमोजिमको पेट्रोलीयम र विद्युतीय रिक्साका संख्या एकिन गरी निर्धारण नभएसम्मका लागि नगर क्षेत्र भित्र सञ्चालन भई नगरकार्यपालिकाको कार्यालयबाट गरिने सूचना बमोजिम एकिन भएका संख्या मात्र कायम हुनेछ।

(४) उपदफा (३) बमोजिम निर्धारण गरिएको संख्या नगर कार्यपालिकाले समय-समयमा पुनरावलोकन गर्न सक्नेछ।

११.आलोपालो तोक्न सक्ने : (१) यस कार्यविधि बमोजिम निर्धारण गरिएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकूल प्रभाव परेका जस्ता कारण पाइएमा नगर कार्यपालिकले सरोकारवालाहरु समेतका सुझावका आधारमा सञ्चालन गर्ने गरी तोक्न सक्नेछ। आलोपालो प्रणाली जोर बिजोर वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ।

१२.पार्किङ्ग सम्बन्धी व्यवस्था : (१) यस कार्यविधि बमोजिम नगर कार्यपालिकाले तोकेको स्थान बाहेक अन्यत्र बजार सडक तथा बाटोमा अव्यवस्थित रुपमा जथाभावी पार्किङ्ग गर्न रोक लगाइनेछ।

(२) उपदफा (१) बमोजिम जथाभावी पार्किङ्ग गरेमा नगरपालिकाबाट खटिएका नगर प्रहरीले आवश्यक कारवाही गरी जरिवाना समेत गर्न सक्नेछन र त्यस्को लगत राखी सम्बन्धी शाखामा जानकारी गराइने। यस्तो प्रक्रिया बारम्बार दोहोरियमा रुट खारेज गरी कार्वाहीमा परेका तीन पाङ्ग्रे सवारी साधनलाई सञ्चालन गर्न रोक लगाउन सकिनेछ।

१३. तीन पाङ्ग्रे सवारी साधन संचालन व्यवस्थापनको सम्पूर्ण अभिलेख कार्यालयमा सम्वन्धित शाखाले राख्नेछ।

परिच्छेद-४
संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१४.तीन पाङ्ग्रे सवारी साधन संचालन तथा व्यवस्थापन समिति : (१) नगरपालिका क्षेत्रमा संचालन हुने तीन पाङ्ग्रे सवारी साधनहरुको संचालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य संचालन गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ।

नगर प्रमुख	- संयोजक
नगर उप-प्रमुख	- सदस्य
प्रमुख प्रशासकीय अधिकृत	- सदस्य
भौतिक पूर्वधार समितिको संयोजक	- सदस्य
आर्थिक विकास समितिको संयोजक	- सदसय
ट्राफिक प्रहरी कार्यालयको प्रतिनिधि	- सदस्य
प्रशासन शाखाको प्रमुख	- सदस्य
आर्थिक विकास शाखा प्रमुख	- सदस्य
ईन्जिनियर	- सदस्य
नगर प्रहरी प्रमुख	- सदस्य
राजश्व शाखाको प्रमुख	- सदस्य सचिव

(२) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) तीन पाङ्ग्रे सवारी साधनको दर्ता रुट निर्धारण,दर्ता तथा रुट खारेजी जस्ता कार्यमा देखिएका समस्या समाधान गर्ने,

(ख) सम्बन्धित स्वरोजगार चालक तथा सवारी धनीहरुसँग समन्वय गर्ने,

(ग) भाडा दर निर्धारण गर्ने र लागू गर्ने गराउने,

(घ) प्रत्येक दुई वर्षमा भाडा दरमा पुनरावलोकन गर्ने,

(ङ) सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्रविधिक जाँच गराइ संचालन योग्य नदेखिएको सवारी साधनका दर्ता रुट खारेजीको सिफारिस गर्ने,

(च) नगर क्षेत्रमा संचालित तिन पाङ्ग्रे सवारी साधनको ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई मध्येनजर गरी उक्त सवारी साधन थप घट गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने,

(छ) नगर क्षेत्रमा संचालित तीन पाङ्ग्रे सवारी साधनमा नगर कार्यपालिकाले निर्णयगरी तोके बमोजिम कलर कोड तथा चालकको ड्रेस कोड कायम गर्ने।

(३) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिका संयोजकले आफ्नो अधिकार उपप्रमुख वा अन्य पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछन्।

१५.बिमा गर्नु पर्ने :

सवारी धनीले प्रचलित कानून बमोजिम सवारी, यात्रु तथा तेश्रो पक्ष विमा गर्नुपर्नेछ।

१६.निम्न शर्त पालना गर्नु पर्ने :

सवारी धनी तथा सवारी चालकले यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा देहाय बमोजिम शर्तपालना गर्नु पर्नेछ।

(क) सवारी धनी र सवारी चालकलको ठेगाना र सम्पर्क नंवर सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ।

(ख) निषेध गरिएको क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन।

(ग) दर्ता नभएका र नविकरण नभएका सवारी साधन सञ्चलन गर्न पाइने छैन।

(घ) सवारी चालकले अनिवार्य रुपमा ड्रेसकोड र परिचय पत्र लगाउनु पर्नेछ।

(ङ) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन।

(च) यात्रुसँग मर्यादित व्यवहार गर्नु पर्नेछ।

परिच्छेद-५

दण्ड जरिवाना सम्बन्धी व्यवस्था

१७.दण्ड जरिवाना सम्बन्धी व्यवस्था :

यस कर्यविधिको विपरित दर्ता अनुमति लिनु पर्नेमा दर्ता अनुमति विना सवारी संचालन गरे गराएमा वा रुट अनुमति विना सवारी चलाएमा सवारी चालक अनुमति वा लाइसेन्स प्राप्त नगरी सवारी साधन चलाएको पाईएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेध गरिएको क्षेत्रमा संचालन गरेको पाइएमा वा सिट संख्या भन्दा बढी वा दफा (१६) बमोजिमको शर्त उल्लघंन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछः-

(क) पहिलो पटक भएमा रु.५,००/- जरिवाना दोस्रो पटक सोही कसुर गरेमा रु.७,५०/- तेस्रो पटक सोही कसुर गरेमा रु.१,०००/-जरिवाना हुनेछ। तीन पटक भन्दा बढी पटक सोही कसुर गरेमा दर्ता अनुमति र रुट समेत खारेज हुनेछ।

परिच्छेद-६

तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालन अनुमति

तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालन अनुमति यस कार्यालयलाई आवश्यक परेको अवस्थामा कार्यपालिकाले निर्णय गरेमा मात्र लागू हुनेछ अन्यथा यो व्यवस्था तत्काले वा अर्को व्वस्था नभए सम्मका लागि लागू गरेको मानिने छैन।

१८.अनुमति लिनु पर्ने : (१)नगरपालिका भित्र तीन पाङ्ग्रे सवारी साधनलाई थप व्यवस्थित गर्नका लागि नगरपालिकाको मातहतमा रहेर तीन पाङ्ग्रे सवारी साधन सम्बन्धित कम्पनीले नगरपालिकाबाट तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालन अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा भएको व्यवस्था अनुसार तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालन अनुमतिपत्र प्राप्तका लागि कार्यपालिकाले निर्णय गरी स्वीकृत गरे पछी मात्र हुनेछ।

(३) तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालन अनुमतिपत्र प्राप्तका लागि कम्पनी हुनुपर्ने जसमा तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालनको उद्देश्य राखि स्थापना भएको कम्पनी हुनु पर्नेछ।कम्पनी ऐन वाहेक अरु ऐन बमोजिम दर्ता भएका समिति वा संस्थाहरुलाई तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालन गर्न अनुमती दिईने छैन।

(४)**अनुमति र नविकरण गर्ने :** तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालन अनुमतिका लागि निवेदन आएमा आवश्यकताको विश्लेषण गरी अनुसूची-२ बमोजिम तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालन अनुमति प्रदान गरिने छ। तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालन अनुमतिसेवा सचालन गर्न अनुमति लिने कम्पनीले नगरपालिकामा नियमानुसार वार्षिक रुपमा व्यवसाय कर तिरेर नविकरण गरेको हुनु पर्दछ। तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालन अनुमतिको अवधि पाँच वर्षको हुनेछ।तर अनुमति प्राप्त कम्पनीले यस कार्यविधि अनुरुप भन्दा बाहिर रहेर कार्य गरेको पाइएमा आवश्यक कार्वाही गरी अनुमति रद्ध गरी खारेज गरिनेछ।

परिच्छेद-७
विविध

१९.विविधः (१) दर्ता अनुमति भई रुट इजाजत प्राप्त गरेका तीन पाङ्ग्रे सवारी साधनहरु जिर्ण अवस्थामा रहेको भए स्वयम सवारी धनीले नष्ट गर्नु पर्नेछ र त्यस्ता जिर्ण अवस्थाका सवरी साधनहरु संचालन गरेको पाइएमा जरिवाना गरि रुट खारेज समेत गरिनेछ।

(२) उपदफा (१) बमोजिम खारेज भएका दर्ता नंवरमा सोही रिक्सा धनीलाई कायम गर्न पाइने नपाइने भन्ने बारेको निर्णय व्यवस्थापन समितिले निर्णय गरेबमोजिम हुनेछ। उक्त नम्बरमा नयाँ सवारी साधन चलाउनका लागि निवेदन दिन सक्नेछ

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यातायात व्यवस्था कार्यालयमा दर्ता भई संचालन भएका तीन पाङ्ग्रे सवारी साधन यस कार्यविधि बमोजिमको प्रकृयामा आई दर्ता तथा रुट इजाजत लिनु पर्नेछ।

(४) **सिण्डकेट वा बार्गेनिङ गरी सवारी संचालन गर्न नपाइने:** यस कार्यविधि अनुसार नगरपालिका भित्र संचालित कुनै पनि सवारी साधनको सवारी धनी वा सवारी साधनको स्वामित्व रहेको कम्पनीले सिण्डिकेट वा बार्गेनिङ गरी सवारी संचालन गर्न पाउने छैन।

(५) **अनुगमन गर्ने:** नगरपालिकाबाट रुट लिएर संचालित सवारी साधन नियमानुसार संचालन भए वा नभएको विषयमा नगरपालिकाले समय समयमा अनुगमन गर्नेछ। नियमानुसार संचालन गरेको नदेखिएमा यसै कार्यविधि अनुसार वा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ।

(६) **बढि यात्रु वा समान नराखे:** सवारी धनी वा सवारी चालकले सवारी दर्ता प्रमाणपत्रमा उल्लेख गरेको भन्दा बढी यात्रु वा समान राखी सवारी संचालन गर्न तथा सवारी चालकले सवारी चालकको आचरण वाहिर गएर कुनै व्यवहार गर्न पाइने छैन।

(७) **सवारीको अधिकतम गति:** नगरपालिकावाट रुट ईजाजत लिएर संचालित तीन पाङ्ग्रे सवारी साधनको गति बजार क्षेत्रभित्र अधिकतम २० कि. मि प्रतिघण्टा हुनेछ।

(८) यस कार्यविधिको व्याख्या संशोधन खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकालाई हुनेछ।

(९) यस कार्यविधिमा उल्लेखित विषय लुम्विनी प्रदेश सरकार वा संघीय सरकारको कानूनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

अनुसूची -१

परिच्छेद-२ सँग सम्बन्धित

सवारी दर्ता प्रमाणपत्रको ढाँचा

शिवराज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चन्द्रौटा, कपिलवस्तु

तिन पाङ्ग्रे सवारी साधन दर्ता प्रमाण-पत्र

शिवराज नगरपालिकाको तीन पाङ्ग्रे सवारी साधन सञ्चालन व्यवस्थापन तथा नियमन सम्बधी कार्यविधि, २०८१ को परिच्छेद-२ मा व्यवस्था भए अनुसार देहाय बमोजिमको विवरण भएको पेट्रोल र विद्युतीय रिक्सा दर्ता गरी यस शिवराज नगरपालिकाको तोकिएको क्षेत्रमा संचालन गर्न यो अनुमति पत्र दिईएको छ।

सवारी धनीको फोटो

सवारी दर्ता नं :-

सवारीको किसिम :-

दर्ता मिति :-

सवारी धनीको नाम :-

बतन :-

सवारी धनीको हस्ताक्षर :-　　　　　　दर्ता गर्ने अधिकारीको हस्ताक्षर :

सवारी धनीको फोटो

नामसारी सम्वन्धि विवरण :

नामसारी भएको मिति :

सवारी धनीको

नाम थर :-

बतन :-　　　　　　नामसारी गर्ने अधिकारीको हस्ताक्षर

.

सवारीको विस्तृत विवरण :-

१. कम्पनीको नाम :-
२. सवारीको मोडेल/साल :-
३. सिलिण्डर संख्या :-
४. हर्ष पावर/ सि सि :-
५. चेसिस नम्बर :-
६. इन्जिन नम्बर :-
७. सवारीको रङ :-
८. सिट क्षमता (चालक सहित) :-
९. वजन :-
१०.रेडियो क्यासेट/प्लेयर/टेलिफोन आदि छ/छैन :-
११.कुनै कम्पनी वा मानिसबाट खरिद गरेको हो सो कम्पनी वा मानिसको नाम :-
१२. प्रयोग :-
१३. चलाउने क्षेत्र :-
१४. भन्सारको निस्सा :-

प्रमाण पत्रको नविकरण

नविकरण गरेको मिति	नविकरणको म्याद सकिने मिति	नविकरण गर्ने अधिकारीको सहि

<u>सवारी जाँचेको</u>

सवारी जाँचेको मिति	नविकरणको म्याद सकिने मिति	जाँच गर्ने अधिकारीको सही

अनुसूची -२

परिच्छेद-६ सँग सम्बन्धित

तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालन गर्ने अनुमति पत्रको ढाँचा

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
चन्द्रौटा, कपिलवस्तु

तीन पाङ्ग्रे सवारी साधन सेवा संचालन अनुमति पत्र

शिवराज नगरपालिकाको तीन पाङ्ग्रे सवारी साधन (पेट्रोल र विद्युतीय रिक्सा) सेवा सञ्चालन अनुमती कार्यविधि, २०८१ को परिच्छेद-६ मा व्यवस्था भए अनुसार तपशिलको विवरण भएको कम्पनीलाई तपशिलको शर्तमा रहने गरी शिवराज नगरपालिकामा तीन पाङ्ग्रे सवारी साधन सेवा संचालन गर्न यो अनुमति पत्र प्रदान गरिएको छ।

१. कम्पनीको नाम :-

२. ठेगाना :-

३. सेवा संचालनको स्थान :-

४. सेवा संचालनको किसिम :-

५. सेवा संचालक कम्पनीको मुख्य व्यक्तिको ठेगाना र सम्पर्क नम्बर :-

....

प्रमुख प्रशासकीय अधिकृत

....

नगर प्रमुख

अनुमति पत्र नविकरण

क्र. सं	नविकरणको मिति	नविकरण कायम रहने मिति	शुल्क बुझाएको विवरण	नविकरण गर्ने अधिकृतको हस्ताक्षर

अनुसूची -३

परिच्छेद-२ सँग सम्बन्धित

तीन पाङ्ग्रे सवारी साधन रुट ईजाजत निवेदन ढाँचा

मिति :........../......../.......

श्री प्रमुख प्रशासकीय अधिकृत
शिवराज नगरपालिका चन्द्रौटा, कपिलवस्तु।

विषय: रुट इजाजत सम्वन्धमा।

शिवराज नगरपालिका भित्र तीन पाङ्ग्रे सवारी साधन सेवा सञ्चालनको लागि तपशिलको विवरण भएको सवारी साधनलाई रुट इजाजत जारी गरी दिनु हुन अनुरोध छ।

सवारीको विवरण :

१. सवारी दर्ता नम्बर :-
२. सवारी धनीको विवरण :-
३ .सवारी निर्माता कम्पनी :-
४. सवारीको मोडल :-
५. सवारी इन्जिन नम्बर :-
६. सवारीको चेसिस नम्बर :-
७. सिट संख्या :-
८. सवारीको रङ्ग :-

....
(निवेदक)

अनुसूची -४

परिच्छेद-३ सँग सम्बन्धित

तीन पाङ्ग्रे सवारी साधन रुट ईजाजत पत्रको ढाँचा

शिवराज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चन्द्रौटा, कपिलवस्तु

(स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को(३) खण्ड "ट" अनुसार शिवराज नगरपालिकाबाट जारी गरिएको)

तीन पाङ्ग्रे सवारी साधन स्थानीय रुट ईजाजत प्रमाण-पत्र

१. रुट ईजाजत नम्बर:-

२. सवारीको दर्ता नम्बर :-

३. सवारीको विवरण :

क. ईन्जिन नम्बर :-　　ख. चेसिस नम्बर :-

ग. सवारीको प्रकार :-　　घ. सवारीको मोडल :-

४. रुट ईजाजत क्षेत्रको विवरण :-

५. रुट ईजाजत जारी गर्ने अधिकारीको :

नाम :-

दस्तखत :-

मिति :-

६. सवारीको नाम ठेगाना र सम्पर्क नम्बर :

क्र.सं.	सवारी धनीको नाम	ठेगाना	सम्पर्क नम्बर

७. नवीकरण विवरण :

क्र.सं.	नवीकरण गरेको मिति	नविकरण मान्य रहने अवधी	शुल्क बुझाएको विवरण	हस्ताक्षर

अनुसूची -५

परिच्छेद-३ सँग सम्बन्धित

तीन पाङ्ग्रे सवारी साधन स्थानीय रुट ईजाजत पत्रको कार्यालय अभिलेख

शिवराज नगरपालिका

तीन पाङ्ग्रे सवारी साधन स्थानीय रुट इजाजत पत्रको कार्यालय अभिलेख

१.रुट ईजाजत नम्बर :-

२ सवारी नम्बर :-

३ सवारीको विवरण :

क ईन्जिन नम्बर :-

ख चेसिस नम्बर :-

ग सिट संख्या :-

....

ईजाजत पत्र जारी गर्ने अधिकारी

रुट ईजाजत नविकरणको विवरण

क्र.सं.	नविकरणको मिति	नविकरण वहाल रहने अवधी	राजश्वको विवरण	प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर	कैफियत

प्रमाणिकरण मिति : २०८१।०४।०७

आज्ञाले,
बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत